# इनरुवा नगरपालिका
# सुनसरी

## अग्निप्रसाद अधिकारी
## प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८० मंसिर १२ गते

# सेवा प्रवाहमा अफिस अटोमेसन सफ्टवेयरको प्रयोग

## विषय क्षेत्र – सूचना प्रविधि

### पृष्ठभूमि

- सरकारले नागरिकलाई सरल, सहज र छिटो सेवा उपलब्ध गराई सुशासनको कायम गर्न दैनिक कामकाज र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अपरिहार्य रहेको छ,
- इनरुवा नगरपालिका कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखि कामकाज हुँदै आएको छ,
- प्रविधिको प्रयोगले सेवा प्रवाहमा सहजता आउनका साथै तथ्यांकहरु सुरक्षित राख्न र खोजेका बखत सजिलै प्राप्त गर्न सकिने भएको छ,

# इनरुवा नगरपालिकामा प्रयोगमा रहेका प्रविधिहरु

- घर नक्सा पास तथा निर्माण कार्य व्यवस्थापन प्रणाली (EBPS)- २०७७।६।११ गतेदेखि
- अफिस अटोमेसन सिस्टम (अनलाईन दर्ता चलानी तथा इ-सिफारिस)– २०८०।६।१४ गतेदेखि
- सबै सामुदायीक विद्यालयहरुमा, नगरपालिका कार्यालय, सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा ई-हाजिरीको जडान गरिएको छ । हाजिरीको प्रतिवेदन विष्लेषण गरेर मात्र तलब भत्ता उपलब्ध गराउने गरिएको,
- लेखा व्यवस्थापन-Sutra, राजश्व संकलन-sutra, जिन्सि व्यवस्थापन-PAMS, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली -VERSP-MIS Sytem, विधुतिय वोलपत्र-ebidding, Group SMS, बजार क्षेत्रमा ३५ थान CCTV Camera जडान

# <विगतको अवस्था >

- कार्यालयको दर्ता चलानी हस्तलिखित मात्र हुने गरेको,
- एक वर्ष सम्म एउटै रजिस्टरमा लेख्दा च्यातिने, नासिने डर,
- केरमेट हुने सम्भावाना,
- कुनै विवरण खोज्नु परे घन्टौ समय लाग्ने,
- सबै वडा कार्यालयबाट जारी हुने सिफारिसमा एकरुपता नहुने,
- सिफारिसका प्रकार अनुसारको त्रमासिक, वार्षिक प्रतिवेन तयार गर्न अत्यन्तै झन्झटिलो,
- राजश्व चुहावटको सम्भावना रहेको,

# < विगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु/कार्यहरु >

- अफिस अटोमेसन सिस्टम खरिद तथा जडान गरिएको,
- सिस्टमको दिगोपनका लागि नगर कार्यापालिकाको निर्णय बमोजिम नगरपालिका र सबै वडा कार्यालयहरुमा संचालनमा ल्याईएको (मिति २०८०।६।१४ गते),
- सबै कर्मचारीहरुलाई तालिम प्रदान गरिएको,
- यसको प्रयोगले पार्ने सकारात्मक प्रभावको विषयमा विभिन्न चरणमा धेरै छलफल गरिएको,

# हालको अवस्था (असर तथा प्रभाव )


- दर्ता चलानी तथा सबै किसिमका सिफारिसहरु अनलाईन सिस्टमबाट मात्र हुने गरेको,
- राजश्व तिरेको रसिद नं. र विधुतिय कारोवार नं. प्रविष्टी गरे पश्चात मात्र पत्र चलानी हुने (राजश्व चुहावट रोकिने) र निशुल्क भए सोको कारण खुलाउनु पर्ने,
- एक जना सेवाग्राहीको विवरण एक पटक सिस्टमा प्रविष्टि गरे पश्चात निजले सबै प्रकारका सेवाहरुको लिन सक्ने (पटक पटक विवरण तथा प्रमाणहरु पेश गर्नु नपर्ने),
- दैनिक तथा मासिक रुपमा प्रतिवेदन विस्लेषण गर्न सकिने,
- कुनै पनि समयको विवरण खोज्न सजिलो हुने,
- सबै वडाबाट जारी हुने सिफारिसहरुमा एकरुपता कायम भएको,
- सबै शाखा उपशाखाबाट दर्ता चलानीको काम हुने भएकोले सेवाग्राहीहरुले तुरुन्त सेवा प्राप्त गर्ने गरेको ।

# कार्यक्रमसंग सम्बन्धित (फोटो/video clip/news link तुलनात्मक तथायंक )

## विगतको अवस्था




## हालको अवस्था



# कार्यक्रमसंग सम्बन्धित (फोटो/video clip/news link तुलनात्मक तथायंक )

# निस्कर्ष (स्थानीय तथा राष्ट्रिय विकासमा परेको प्रभाव सहित )

- सिस्टमको प्रयोगले पेपरलेस गभर्नेस्सको माध्यमबाट विधुतिय सुशासन कायम गर्ने राष्ट्रिय नीतिलाई मुर्त रुप दिन सहयोग पुगेकोछ ।